यसका साथै उहाँले मनाङ जिल्लाको उन्नतीका लागि पनि उल्लेख्य योगदान गर्नु भएको छ ।

विसं २०२५ सालसम्म उपल्लो मनाङमा राजनीतिक गतिविधि सुन्य थियो । गाउँमा बसोवास गर्ने जनताले राज्यबाट पाउने पर्याप्त सुविधा पाएका थिएनन् । उपल्लो मनाङका वासिन्दा राजनीतिक तहका उच्च तहमा पुग्न सकेका थिएनन् । २०३३ र २०३८ मा सम्पन्न राष्ट्रिय पञ्चायतको निर्वाचनमा पेमाछिरिङ गुरुङ निर्विरोध निर्वाचित हुनुभयो । २०४३ को निर्वाचनमा निर्वाचित हुनु भयो ।

मनाङ अहिले पनि दुर्गम जिल्लाको सूचिबाट हटेको छैन । त्यसबेला झनै दुर्गम थियो । २०३३ देखि २०४६ सालसम्म मनाङ जिल्लाको प्रतिनिधित्व गरेका वेला जिल्लाको उत्थानको लागि उहाँले पुऱ्याउनु भएको योगदान यस प्रकार रहेका छन् ।

२०३६ सालतिर हुम्देमा बिमानस्थल बनाउने कार्यमा महत्वपूर्ण भूमिका खेल्नु भयो । २०३८ सालदेखि मनाङमा हवाई सेवा सुरु भयो ।

मनाङ जिल्लालाई अन्धकारवाट मुक्त पार्ने उद्देश्यका साथ जिल्ला सदरमुकाम चामेमा ४५ किलो वाट र सब्जे खोलाबाट ८० किलो वाट विद्युत उत्पादन हुने दुई साना जलविद्युत आयोजना सम्पन्न भए । २०४१ देखि नै त्यहाँ बिजुली बल्न थाल्यो ।

२०३३ देखि २०४६ को समयवधीमा जिल्लाका बिभिन्न गाउँ जोड्ने गोरेटा बाटाहरू बन्न थाले । यही समयमा भ्राताङको पहरा काटियो । नार-फू जाने बाटामा रहेका पहरा काटेर गोरेटा बाटाहरू बनाइए । धारापानीबाट नाचे गाउँ जाने बाटोमा पर्ने पहरा कोपेर गोरेटो बाटो निर्माण गरियो । चामेबाट छितेपु, लाटामराङ, दानक्यू जोडिएको घोडेटो बाटो निर्माण गरियो । जिल्लामा अन्य गोरेटा तथा घोडेटा बाटाहरू निर्माण गरिए । जिल्लाका विभिन्न ठाउँमा झोलुङ्गे पुलहरू निर्माण गरिए ।

शैक्षिक गतिविधि प्रायः सून्य रहने जिल्लाका बिभिन्न ठाउँमा विद्यालय निर्माण र शैक्षिक जागरणका कामहरू अघि बढाइए । फलस्वरुप आज जिल्ला सबै ठाउँमा बिद्यालय सञ्चालन हुनुका साथै शैक्षिकस्तर पनि निकै सुधारिएको छ ।

भ्राताङमा उपल्लो मनाङको साझा स्याउ बगैचा निर्माण गरियो । जसबेला स्याउ बगैचा निर्माणका लागि नीजिस्तरबाट जग्गा उपलब्ध गराउनेलाई जग्गाको मुःअब्जा समेत दिलाइएको थियो ।

खम्पा विद्रोहकाबेला अनाधिकृत रुपमा मनाङ भित्रिएका हतियारका कारण जिल्लामा त्रासको वातावरण उत्पन्न भएको थियो । २०३८ मा उक्त हतियार व्यवस्थापन गर्ने काम सफलतापूर्वक सम्पन्न भयो ।

यसबाहेक दीर्घकाल्निन महत्वका दर्जनौ कामहरू गरेर मनाङ जिल्ला र मनाङ समाजलाई विर्सन नसक्ने गुन लगाएका कारण मनाङ समाज सेवा समितिले यस संस्थाका प्रमुख संस्थापक तथा तत्कालिन राष्ट्रिय पञ्चायत सदस्य श्री पेमाछिरिङ गुरुङज्यूको पूर्णकदको प्रतिमा निर्माण गरेको हो । उहाँको यस प्रतिमा निर्माण गर्ने अवसर पाएकोमा मनाङ समाज सेवा समिति परिवार अत्यान्तै गौरवान्वित भएको छ ।

कप्ली गुरुङ
अध्यक्ष
मनाङ समाज सेवा समिति
मिति २०६८ मंसिर १२ गते

MANANG SOCIAL SERVICES COMMITTEE
मनाङ समाज सेवा समिति
स्वयम्भू काठमाडौं
SWOYAMBHU, KATHMANDU

# मनाङ समाज सेवा समितिद्वारा जारी गरिएको

## प्रेश बिज्ञप्ती

यहाँ उपस्थित सम्पूर्ण महानुभावहरू ।

आज हामी मनाङ जिल्लाको समग्र विकास एवं मनाङ समाज सेवा समितिको स्थापनाका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने पेमाछिरिङ गुरुङज्यूको पूर्णकदको प्रतिमा अनावरण गर्न गइरहेका छौं । यस कार्यक्रममा उपस्थित सम्पूर्ण महानुभावहरूप्रति हार्दिक आभार प्रकट गर्दछौं ।

मनाङ समाज सेवा समितिका प्रमुख संस्थापक तथा पूर्व स्थानीय विकास सहायक मन्त्री श्री पेमाछिरिङ गुरुङज्यूको प्रतिमा निर्माण गरिनुका कारणहरू यहाँ उल्लेख गर्न चाहन्छौं ।

हामी हिमाली भेगका मनाङीहरू काठमाडौंमा वसोबास गर्न थालेपछि यहाँ धेरै किसिमका समस्याहरू उत्पन्न भएका थिए । सुरुका दिनमा मनाङीहरू यत्रतत्र छरिएर रहँदा परम्परागत चाडवाड तथा धर्म-संस्कृति संरक्षण गर्न नसकिने होकी भन्ने प्रश्न खडा भयो । विसं २०३० को दशकसम्म मनाङीहरू कुनै बैठक बस्नु पर्दा या विवाहवारी, पूजापाठ एवं चाडवाडका वेला अचानक हावाहुरी चल्ने, असिना तथा पानी पऱ्यो भने आयोजना गरिएको समारोह बीचैमा स्थगित गर्नु पर्ने अवस्था उत्पन्न हुन्थ्यो ।

त्यसबेला धेरै मनाङीहरूले काठमाडौंमा घर पनि बनाएका थिएनन् । त्यसबेला कोही स्वर्गबास भए भने स्थानीय चलन अनुसार दिवङ्गत आत्मालाई घरमा राखेर पूजा पाठ गर्न पनि कठिन हुन्थ्यो । परम्परागत चलनअनुसार दाहसंस्कार गर्न पनि सहज थिएन । दाहसंस्कार गर्ने ठाउँमा पनि हावाहुरी चलेको वा पानी परेका बेला उस्तै समस्या उत्पन्न हुन्थ्यो । एकातिर विविध समस्याहरू थिए भने अर्कातिर काठमाडौंमा छरिएर रहेका मनाङीहरू संगठित भएका पनि थिएनन् ।

पेमाछिरिङ गुरुङज्यूले २०३५ देखि नै छरिएर रहेका मनाङीहरूलाई संगठित गर्नु भयो । उहाँकै पहलमा २०४१ सालमा **स्वयम्भू गुठी** नामक धार्मिक एवं सामाजिक संस्थाको स्थापना गरियो । २०४५ आएर यसको नाम परिवर्तन गरी **मनाङ गुम्बा गुठी** राखियो । २०४७ मा **मनाङ समाज सेवा समिति** नामाकरण गरियो । २०४१ देखि २०४७ सालसम्म यस धार्मिक तथा सामाजीक संस्थाको नेतृत्व उहाँले नै गर्दै आउनु भएको थियो । जसबेला उहाँ यस संस्थको प्रमुख संस्थापक एवं अध्यक्ष समेत हुनुहुन्थ्यो ।

उहाँले यस संस्थालाई एक रोपनी जग्गा निःशुल्क उपलब्ध गराएर गुम्बा निर्माण गरिदिनु भयो । गुम्बा बनेपछि हामी मनाङीहरूले आफ्ना प्रायः सबै कार्यक्रमहरू गुम्बामा आयोजना गर्न थालियो । हामीहरूले हावाहुरी चलेका तथा असिना, पानी परेका बेला भोग्नु पर्ने समस्याबाट मुक्ति पायौं । २०६७ सालमा उहाँले यसै गुम्बा परिसरमा रहेको तथा आफै बसोबास गर्दै आउनु भएको घर समेत मनाङ समाज सेवा समितिलाई हस्तान्तरण गर्नु भयो ।

स्वयम्भू आसपासका क्षेत्रमा बुद्ध मूर्ति, गुम्बा, स्तुपा बनाउने कामको सुरुवात भयो । आजसम्म आइपुग्दा स्वयम्भू बुद्धमार्गीको प्रसिद्ध धार्मिक गन्तव्यका रुपमा स्थापित भइसकेको छ ।

मनाङ समाज सेवा समितिद्वारा भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा पेपुङ स्तुपा निर्माण गर्नको लागि आर्थिक सहयोग उपलब्ध गराउनु भयो ।

बुद्धमार्गीको अर्को पवित्र तीर्थस्थल भारतको बोधगयामा नेपाली धर्मशाला निर्माणका लागि जग्गा खरिद गर्न आर्थिक सहयोग गर्नु भयो । बोधगया दर्शन गर्न जाने नेमाली तीर्थयात्रीको समस्यालाई मध्येनजर गरेर उहाँले सो जग्गामा २० कोठाको नेपाली धर्मशाला निर्माण गरी मनाङ समाज सेवा समितिलाई हस्तान्तरण गर्नु भयो ।